## सुरुङ्गा नगरपालिका, सप्तरी
## १७ औं नगरसभा
## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम
## नगर उपप्रमुखद्वारा प्रस्तुत बजेट वक्तव्य

श्रद्धेय सभा अध्यक्ष महोदय,
नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू,
प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू।

आज यस गरिमामय सत्रौं नगरसभाको बैठकमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु। यस अवसरमा लोकतान्त्रिक आन्दोलन, जनअधिकार स्थापना तथा सामाजिक रूपान्तरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राष्ट्र निर्माण तथा स्थानीय विकासमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको अधिकार र जिम्मेवारीलाई आत्मसात् गर्दै नगरवासीको आवश्यकता, अपेक्षा र आकाङ्क्षालाई सम्बोधन गर्ने उद्देश्यले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरिएको छ।

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानीः सुशासित, सुन्दर, समृद्ध सुरुङ्गा बनाउँछौं हामी"** भन्ने मूल नारालाई आत्मसात् गर्दै प्रस्तुत बजेट तर्जुमा गरिएको छ।

**श्रद्धेय सभा अध्यक्ष महोदय,**
अब म चालु आ.व. २०८२।०८३ को हाल सम्मको आम्दानी र खर्चको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व. मा आन्तरिक आय तर्फ कुल रु सोह्र करोड छियहत्तर लाख असी हजार चार सय सैंतिस अनुमान गरिएकोमा हाल सम्म रु. तिन करोड पच्चिस लाख अरचालिस हजार चार सय अरसठी आम्दानी प्राप्त भएको छ । जुन आय अनुमानको १९.४१ प्रतिशत हो । साथै चालु आ.व.मा कुल विनियोजन एकासी करोड छविस लाख पाँच सय बत्तिसमा कुल खर्च पैंतालिस करोड पन्ध्र लाख एकाउन्न हजार तीन सय एक रहेको जुन कुल विनियोजनको ५५.२६ प्रतिशत हुन आउछ । साथै कुल विनियोजन मध्ये चालु तर्फ विनियोजित रकम रु.पचास करोड छयहत्तर

लाख अन्ठाउन्न हजार दुई सय पचहत्तर रहेकोमा खर्च रकम रु. छत्तिस करोड छयहत्तर लाख पैंतिस हजार पाँच सय तेह्र भएको छ ।जुन विनियोजनको ७२.४१ प्रतिशत हो । साथै पुँजीगत तर्फ विनियोजित तिस करोड उनन्चास लाख छपन्न हजार दुई सय सन्ताउन्न रहेकोमा खर्च रु. आठ करोड उन्चालिस लाख पन्ध्र हजार सात सय अन्ठाउन्न रहेको छ । जुन विनियोजनको २७.५१ प्रतिशत हो ।

**आर्थिक वर्ष २०८३/०८४ को आय अनुमान प्रस्तुत गर्न चाहन्छु।**

आर्थिक वर्ष २०८३/०८४ मा गत वर्षको मौज्दात रु. १ करोड, आन्तरिक आय रु. ५ करोड २२ लाख, दहत्तर–बहत्तर तथा प्राकृतिक स्रोत उपयोग करबाट रु. १ करोड २० लाख, संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु. ११ करोड ६२ लाख ८० हजार, संघीय सरकारको वित्तीय समानीकरण अनुदानबाट रु. १३ करोड ३० लाख, प्रदेश सरकारको वित्तीय समानीकरण अनुदानबाट रु. ९० लाख, प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु. ८० लाख तथा मालपोत रजिष्ट्रेशन शुल्कबाट रु. ८० लाख प्राप्त हुने अनुमान गरिएको छ। यसरी निशर्त आयतर्फ कुल रु. ३४ करोड ८४ लाख ८० हजार आय हुने अनुमान गरिएको छ।

त्यसैगरी संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ३१ करोड ९३ लाख, विशेष अनुदान रु. ८१ लाख, समपूरक अनुदान रु. ८७ लाख, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ९५ लाख, विशेष अनुदान रु. ३० लाख, समपूरक अनुदान रु. ४० लाख तथा सामाजिक सुरक्षा कार्यक्रमका लागि रु. १९ करोड प्राप्त हुने अनुमान गरिएको छ। यसरी सशर्त तथा अन्य अनुदानतर्फ कुल रु. ५४ करोड २६ लाख आय हुने अनुमान गरिएको छु।

यसरी आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल रु. **८९ करोड १० लाख ८० हजार** बराबरको बजेट प्रस्तुत गरेको छु।

**श्रद्धेय सभा अध्यक्ष महोदय,**

अब म निशर्त आयतर्फको बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु।

नगरका सबै वडाहरूमा समतामूलक विकासको अवधारणालाई आत्मसात् गर्दै वडा कार्यालयहरूका लागि कुल रु. **६ करोड ७३ लाख** विनियोजन गरिएको छ। जसअनुसार वडा नं. १ र ८ लाई जनही रु. ६० लाख, वडा नं. २, ३, ४ र ७ लाई जनही रु. ६७ लाख तथा वडा नं. ५, ६, ९, १० र ११ लाई जनही रु. ५७ लाख विनियोजन गरिएको छ।

प्रशासनिक खर्चतर्फ रु. १४ करोड विनियोजन गरिएको छ। विभिन्न कोष व्यवस्थापनका लागि रु. ९५ लाख, नगरस्तरीय योजना तथा कार्यक्रम सञ्चालनका लागि रु. १ करोड १० लाख ८० हजार, साझेदारी तथा समपूरक कार्यक्रमका लागि रु. २ करोड, चालु आर्थिक वर्षका भुक्तानी दायित्वका लागि रु. ५ करोड ३३ लाख विनियोजन गरिएको छ।

विषयगत तथा शाखागत कार्यक्रमतर्फ स्वास्थ्य शाखाका लागि रु. ८० लाख, शिक्षा तथा खेलकुद शाखाका लागि रु. २ करोड ३६ लाख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका लागि रु. १३ लाख, कृषि विकास शाखाका लागि रु. २२ लाख, पशुपन्छी विकास शाखाका लागि रु. २२ लाख, खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रमका लागि रु. ५० लाख, सहकारी शाखाका लागि रु. ५ लाख, पोषण कार्यक्रमका लागि रु. ५ लाख, रोजगार तथा उद्यमशीलता विकास कार्यक्रमका लागि रु. १५ लाख, लक्षित वर्ग कार्यक्रमका लागि रु. ५ लाख, न्यायिक समितिका लागि रु. १० लाख तथा भुमि व्यवस्थापन कार्यक्रमका लागि रु. १० लाख गरी जम्मा चार करोड त्रिहतर लाख विनियोजन गरेको छु।

**श्रद्धेय सभा अध्यक्ष महोदय,**

प्रस्तुत बजेटले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाइ, पूर्वाधार विकास, महिला सशक्तीकरण, रोजगार तथा उद्यमशीलता विकास, सामाजिक सुरक्षा र सुशासनलाई प्राथमिकतामा राखेको छ। बजेटको प्रभावकारी कार्यान्वयनबाट नगरवासीको जीवनस्तरमा सुधार आउने, उत्पादन तथा उत्पादकत्व वृद्धि हुने, रोजगारीका अवसर विस्तार हुने तथा समृद्ध सुरुङ्गा निर्माणको अभियानलाई थप बल पुग्ने विश्वास लिएको छु।

यस बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा महत्वपूर्ण सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरू, विषयगत समितिहरू, कर्मचारीहरू, राजनीतिक दलहरू, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमलाई यस गरिमामय सत्रौं नगरसभाबाट पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु। साथै बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूको रचनात्मक सहयोग, समन्वय र सहभागिताको अपेक्षा गर्दछु।

**धन्यवाद।**

रुद्र बहादुर कार्की
नगर उपप्रमुख
सुरुङ्गा नगरपालिका, ससरी